बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

## प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१४**

पशु सेवा कार्यालय, सिन्धुलीको आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम **पशुपन्छी तथा मत्स्य पालनका लागि यन्त्र तथा उपकरण वितरण कार्यक्रम** संचालनका लागि यस कार्यालयको कार्यक्षेत्र सिन्धुली र रामेछाप जिल्लाका ईच्छुक साथै **एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ को** अनुसूची-१९ अनुसार न्यूनतम मापदण्ड पुरा गरेका कृषक समूह, कृषि सहकारी, निजि कृषि फर्म, कृषि उद्यमीले यो सूचना प्रकाशित मितिले २१ (एक्काइस) दिन (मितिः २०८२/०९/०६) भित्र निम्न कागजातहरु संग्लग्न राखी पशु सेवा कार्यालय, सिन्धुली वा यस कार्यालय अन्तर्गतको पशु सेवा केन्द्र, मन्थली, रामेछापमा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन।

**आवेदन साथ संग्लग्न गर्नुपर्ने कागजातहरु**

१. **एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२** को अनुसूची-२ बमोजिम रु. दश (१०) को हुलाक टिकट टाँस गरेको आवेदन, अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको प्रतिबद्धता पत्र, अनूसुची -६ बमोजिमको कार्यस्थान खुल्ने नक्सा, अनुसूची-१८ बमोजिमको माग फारम र अनुसूची-२५ बमोजिमको स्वघोषणा पत्र।
२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि।
३. कृषक समूह/सहकारी/निजि उद्यमी दर्ता र स्थायी लेखा नम्बर (PAN/VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
४. आ.व. २०८१/८२ को लेखा परिक्षण प्रतिवेदन (आवश्यक पर्नेको हकमा मात्र) र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज।
५. कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस।
६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए सूचनाको अन्तिम मितिले न्यूनतम पाँच (५) वर्ष को करार सम्झौता पत्र।
७. बैदेशिक रोजगारी/अध्ययनबाट फर्केको भए राहदानी/भिसा वा अन्य प्रमाण खुल्ने कागजातको प्रतिलिपि।
८. सम्बन्धित क्षेत्रको तालिम लिएको भए प्रमाण-पत्रको प्रतिलिपि।
९. पशुको बिमालेख प्रतिलिपि।

# पशु सेवा कार्यालय

(कार्यक्षेत्रः सिन्धुली र रामेछाप)

सिन्धुली, नेपाल

आ.व.:२०८२/८३

सूचना नं.:

**कृषक समूह/सहकारीको हकमा मात्र लागु हुने थप विषयः**

- कार्यक्रममा सहभागी हुने विषय तथा कार्यक्रममा सहभागी हुने कृषकहरु छनौट सम्बन्धि कृषक समूह/सहकारीको बैठक निर्णयको प्रतिलिपि।
- कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र।
- कृषक समूह/सहकारीको हकमा आ.व. २०८१/८२ को साधारण सभाको बैठक निर्णय प्रतिलिपि।
- आवेदन प्रक्रियाका लागि जिम्मेवारी दिई खटाउने पदाधिकारीलाई दिइएको अख्तियारी पत्र।

**पुनश्चः**

१) **कार्यालयले उपलब्ध गराउने प्रोत्साहन रकमको हिस्सा:** बढीमा ५० प्रतिशत रहनेछ।

२) *__एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२__ यस पशु सेवा कार्यालय, सिन्धुलीको वेवसाइट https://vetsindhuli.bagamati.gov.np/ बाट डाउनलोड गरी हेर्न सकिनेछ।

१०/८/१८

(कार्यालय प्रमुख)

डा. ध्रुब डि.सी.
वरिष्ठ पशु विकास अधिकृत
(नवौं तह)